सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम तयार गरी प्रकाशन गरिएको ।

# स्वतः प्रकाशन (Proactive Disclosure)

(२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्म)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी


**प्रकाशन**

लुम्बिनी प्रदेश सरकार

ऊर्जा, जलास्रोत तथा सिंचाइ मन्त्रालय

## जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

## रुपन्देही

# १.जिल्लाको संक्षिप्त परिचय

**भौगोलिक स्थिती:**

विश्व मानचित्रमा समुद्री सतहबाट १०० मिटरदेखि १२१९ मिटर सम्मको उचाईमा रहेको यो जिल्ला ८३० १२'१६"देखि ८३० ३८'७"पूर्वी देशान्तर र २७० २०'००"देखि २७० ४७'२५" उत्तरी आक्षांशमा फैलिएको छ । नेपालको ७ प्रदेश मध्ये लुम्बिनी प्रदेश अन्तर्गत पर्ने रुपन्देही जिल्लाको कूल क्षेत्रफल १,४०१ वर्ग किलोमिटर जसमध्ये खेतीयोग्य जमिन ८५,१२२ हेक्टर र ३२००६ हेक्टर बनजंगलले ढाकेको. छ ।बहुजातीय, वहुभाषिक, वहुधार्मिक, वहुसाँस्कृतिक बिशेषताहरु रहेको यो जिल्ला मुलुकको राजनैतिक बिभाजन अनुसार लुम्बिनी प्रदेशमा अवस्थित रहेकोछ।

**जनसंख्या विवरण**

जनसंख्या :- ११,१८,९७५ (पुरुष ५,४७,५४५ ४९.१% महिला ५,७१,४३० ५०.९%)
जनगणना २०७८ अनुसार

बार्षिक जनसंख्या वृद्धिदर :- २.३३%

लैङ्गिक अनुपात :- ९६.३३ पुरुष प्रति १०० महिला

जनघनत्व :-.८२५ प्रतिवर्ग कि.मी.

अपाङ्गता भएका जनसंख्याको प्रतिशत :- १.६%

अपाङ्गता भएका महिलाहरुको प्रतिशत :- १..४%

अपाङ्ग भएका पुरुषहरुको प्रतिशत :- १.९%

साक्षरता :- ७६.३४ (पुरुष-८१%, महिला-६२% )

ग्रामीण जनसंख्या :- ७९.६३%

शहरी जनसंख्या :- २०.३७%

**सिमाना:**

खुला सीमाना :- ७०.२०० कि.मि. (रोहिणी गाउँपालिका देखि लुम्बिनी साँस्कृतिक नगरपालिका सम्मको) ४ वटा गाउँपालिका र २ वटा नगरपालिकाका केही वडा भारतको महाराजगञ्ज र सिद्धार्थनगर जिल्लासँग जोडिएका ।

सीमा पिलर :- १३६ वटा

सीमा नाका :- ३१ वटा

नेपालको दोस्रो ठुलो भन्सारनाका (भैरहवा भन्सार कार्यालय बेलहिया, रुपन्देही)

शान्तिका अग्रदुत भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनी भएको हुँदा बिश्वका बौद्ध धर्मावलम्बीहरुको बाक्लो आगमन हुने गर्दछ ।

पुर्व:- नवलपरासी पश्चिम:- कपिलवस्तु उत्तर:- पाल्पा दक्षिण:-भारत

**राजनीतिक तथा प्रशासनिक विभाजन:-**

प्रदेश:- लुम्बिनी

जिल्ला सदरमुकाम:- सिद्धार्थनगर, भैरहवा

निर्वाचन क्षेत्र - प्रतिनिधि सभा - ५, प्रदेश सभा - १०

उपमहानगरपालिका – १ (बुटवल)

नगरपालिका – ५ वटा (सिद्धार्थनगर, लुम्बिनी साँस्कृतिक, तिलोत्तमा, सैनामैना र देवदह) ।

गाँउपालिका :-१० वटा

(शुद्धोधन, ओमसतिया, गैडहवा, सियारी, कञ्चन, रोहिणी, कोटहीमाई, मर्चवारी, सम्मरीमाई, मायादेवी)

वि.सं. २०७८ को जनगणाना अनुसार ११२१९५७ जनसंख्या रहेको छ, जसमा ५५०४७८ पुरुष र ५७१४७९ महिला रहेकाछन् ।

शैक्षिक संस्था :- ६५१ (विश्व विद्यालय-१, क्याम्पस-३३, मावि- २६४, आधारभुत-३५३)

स्वास्थ्य संस्थाहरु :- ५२६ वटा

सडक :- १३३६ कि.मि (पक्की-३२३, ग्रावेल- ८२१, कच्ची-१९२ )

(पूर्व-पश्चिम राजमार्ग-४३ कि.मी, सिद्धार्थ राजमार्ग-२९ किमी)

बिमानस्थल :- १ (गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल )

व्यापारीक तथा औद्योगिक केन्द्रको रुपमा परिचित ।पर्यटकिय क्षेत्र (बाह्रय तथा आन्तरिक) ।

## नदी तथा खोलानालाहरु

रुपन्देही जिल्लामा तिनाउ, दानव, रोहिणी, घोडाहा, डण्डा, इङ्गुरिया, कञ्चन, कोठी, सुखरा, जबई नदी आदि प्रमुख नदिहरु रहेका छन् । यी नदीहरुका अतिरिक्त अन्य ससाना नालाहरु पनि छन् जुन अस्थायी प्रकृतिका भएको हुनाले केवल वर्षामा मात्र यिनको अस्तित्व देखा पर्दछ । यस जिल्लामा वग्ने सबै नदीहरु उत्तरवाट दक्षिण तिर वग्ने गर्दछन् । यस जिल्लामा महाव, घोडाहा, भलुही, रोहिणी, सुकौरा, तिनाउ, जितगढी खोला, ड्राई नाला, सतगढी १, सतगढी २, सोईली खोला, राजपुर खोला, बमाहा खोला, घमाहा खोला, तुलबुलिया खोला, मर्थिवा खोला, मेघवा खोला, ईङ्गुरिया खोला, बनरहवा, ड्राई नाला, पहेला, नाला, कञ्चन, कोठी, बघेला, डंडा, घाघरा, खडवा खोला, सियारी, दानो, कोईलिहवा, तेलार, हरेवा, घोंघी आदि नदी–नालाहरु रहेका छन्.

## ताल तलैया

यस जिल्लामा रहेका स–साना पोखरीहरुको विवरण उपलव्ध गर्न नसंकिए पनि विष्णुपुरा गा.वि.स.को करीव २५ हेक्टर जमिनमा फैलिएको गैंडहवा ताल, गजेडीमा गजेडीताल तथा चिल्हियामा नन्द–भाउजु ताल रहेकोमा यिनीहरुमा वर्षादको पानी जम्मा गरी हिउँदमा प्रयोग गर्न सकिन्छ। गैंडहवा तालबाट पानी ल्याउने गरी साविकको गैंडहवा ताल सिं.यो. को तालमा कञ्चन खोलाको पानी मिसाउन मझौला सिंचाइ आयोजना तर्फबाट कञ्चनखोेला सिंचाइ योजना निर्माणको चरणमा रहेको छ ।

## महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पर्यटकिय स्थलहरु:-

रुपन्देही जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थानहरुमा लुम्विनी, मणिमुकन्द सेनको दरवार, फुलवारी उद्यान, देवदह, जितगढी किल्ला, (बुटवल), प्रकटेश्वर महादेव (गोनाहा), मर्चवारी देवी (बोगडी), बोलबम धाम (सैनामैना नपा), सैनामैना ऐतिहासिक स्थल (सैनामैना नपा), सिद्धवावा धाम (बुटवल), शिवालय मन्दिर, वसडिलवा र नारायण मन्दिर (सिद्धार्थ नगर), मन्ठारी वावा र काली माई (विष्णुपुरा), सतीया माई (पटखौली) आदि रहेका छन ।

चाडपर्वहरुः-

विजयदशमी, दिपावली, चैतेदशै, माघे संक्रान्ती, महाशिवरात्री, हरिवोधनी एकादशी, कोजाग्रात पूर्णिमा, चैते दशै, इद उल बुद्ध जयन्ती, ल्होसार, श्रीपञ्चमी, जनैपुर्णिमा, छठ पर्व, होली, क्रिसमस ।

रुपन्देही जिल्लाको भु उपयोगको स्थिति

| क्र. सं. | विवरण | क्षेत्रफल हेक्टर | क्षेत्रफल प्रतिशत |
|---|---|---|---|
| १ | खेतीयोग्य जमिन | ८५१२२ | ६०.२१% |
| २ | वन जँगल | ३०४८४ | २१.५६% |
| ३ | चरन | ८८८२ | ६.२८% |
| ४ | नदीनालाहरु | २४६० | १.७४% |
| ५ | पहाड चट्टान | ४१४ | ०.२९% |
| ६ | आवास क्षेत्र | ५९५३ | ४.२१% |
| ७ | पर्ति अन्य | ८०५२ | ५.७०% |
| | जम्मा | १४१३६७ | |

सिँचाइ स्थितिः-

जिल्लाको कुल क्षेत्रफलः- १२९७३९ हेक्टर
कृषियोग्य भूमीः- ८९६३० हेक्टर (IMP 2019 अनुसार)
सिँचाइ योग्य भुमिः- ८९१९७ हेक्टर (IMP 2019 अनुसार)
खेती गरिएको जमीनः- ४४४६२ हेक्टर
बाह्रै महिना सिँचाइ हुनेः- २००० हेक्टर
मौसमी सिँचाइ हुनेः- ७९६३९.२९ हेक्टर

हालसम्म सिचाइ विकास भएको क्षेत्रः-

**प्रदेश स्थापना अगाडीः-** ७४००७ हेक्टर
**प्रदेश स्थापना पछाडीः-** ४६४७ हेक्टर
हालसम्मः- ६८६५४ हेक्टर

२. सिँचाइको पृष्ठभूमिः-

सिँचाइ विकासको सुरुवात मानव सभ्यता उत्पादन प्रणालीमा गएसँगै भएको मानिन्छ । मानव सभ्यता ठुला नदीका किनारबाटै विकास हुनुले पनि यसलाई पुष्टि गर्छ । नेपालको सन्दर्भमा समुदायले आफ्नै पहलमा आवश्यकता र क्षमताका आधारमा नजिकैको खोलानाला तथा जलस्रोतका अन्य स्रोतबाट आफ्नो सिप र स्थानीयस्तरमा उपलब्ध प्रविधि एवं अनुभवमा आधारित सिँचाइका लागि संरचना बनाई बाली सिञ्चित गरेको लामो इतिहास छ । प्रणाली विकासकै हिसाबले पनि इसापूर्व पाँचौं शताब्दीदेखि नै सिँचाइ प्रणाली निर्माण भएको देखिन्छ । किसान आफैं सङ्गठित भएर सामूहिक रूपमा अस्थायी बाँध तथा कुलो निर्माण गरी समुदायबाट नै नियमित मर्मत, सम्भार तथा दिगो रूपमा सञ्चालन भएका सिँचाइ प्रणाली उदाहरणीय रूपमा सयौं वर्षदेखि निर्बाध सेवा दिइरहेका छन् । यस्ता किसान

व्यवस्थित सिँचाइ प्रणाली नै हाम्रो मुलुकको सिँचाइ सेवाको मेरुदण्डका रूपमा रहेका छन् । २००७ साल अघिको राजनीतिक प्रणालीमा राज्यबाट सिँचाइ विकासमा सीमित पहल भएको भए पनि अलग्गै संस्थागत रूपमा २००९ सालमा नहर विभागको स्थापना गरी सिँचाइ विकासलाई राज्यले प्राथमिकतामा राखेको र २०१३ सालबाट आवधिक योजना तयार गर्ने परिपाटी सुरु भएपछि संस्थागत तथा योजनाबद्ध रूपमा राज्यले यस क्षेत्रलाई प्राथमिकताका साथ अगाडि बढाएको देखिन्छ । न्यून प्राविधिक जनशक्ति, थोरै बजेट तथा भौगोलिक विकटताका बिच पनि सिँचाइ क्षेत्रमा स्थानीय र साना आयोजनादेखि ठुला र रणनीतिक आयोजनाको परिकल्पना, अध्ययन तथा विकासको पहल भएको देखिन्छ । अलग्गै संरचना स्थापनाको सात दशक पार गरिसक्दा सिँचाइ क्षेत्रले संस्थागत रूपमा धेरै परिवर्तन सामना गरेको छ ।

देशमा सिँचाइ सुविधा विकास र विस्तारको क्षेत्रमा परापूर्व काल देखि कृषकहरु आफैले र खास गरी योजनावद्ध विकासको थालनी उप्रान्त नेपाल सरकारले लगानी गर्दै आईरहेको छ । सरकारी स्तरबाट वि. सं. १९७९ देखि चन्द्र नहरको निर्माण शुरु भए पश्चात मात्र सिँचाइको विकास शुरु हुन गएको देखिन्छ ।  तत्पश्चात वि.सं. १९८५ मा निर्मित चन्द्रनहरबाट पानी वितरण शुरु भई देशमा आधुनिक सिँचाइ प्रविधिको प्रादुर्भाव हुन गयो । वि.सं. २००० सालतिर सर्लाहीमा जुद्ध नहरको निर्माण गरियो भने कपिलवस्तुमा जगदीशपुर वाँध र पोखरामा पार्दी वाँधको थालनी गरियो । वि.सं. २००७ साल भन्दा अगाडिसम्म सिँचाइ क्षेत्रमा सरकारी संलग्नता सिमित थियो । सिँचाइ विकासका कार्यहरु बडाहाकिम मार्फत कार्यान्वयन हुने गर्दथे भने स्वदेशी प्राविधिक जनशक्तिको अभावमा विदेशी जनशक्ति समेत प्रयोग गर्नु पर्ने अवस्था थियो। वि.सं.२००७ सालको प्रजातान्त्रिक परिवर्तन पश्चात् स्वदेशी प्राविधिक जनशक्तिको उत्पादन शुरु भएतापनि वि. सं. २००९ सालमा स्थापना भएको नहर विभागको नेतृत्वको जिम्मेवारी वि. सं. २०१३ साल देखि मात्र नेपाली प्राविधिकबाट भयो । २०१३ सालमा प्रथम पञ्चवर्षीय योजना लागु भएपछि योजनाबद्ध रुपले सरकारी स्तरबाट सिँचाइ विकासको थालनी भएको हो । कतिपय आयोजनाहरुमा विकास समिति गठन भई कार्यान्वयन गर्न थालियो भने कतिपय केन्द्रीय स्तरमा नै आयोजना कार्यान्वयन गरिए । निर्माण सम्पन्न आयोजनाहरुमा आवश्यकता अनुरुप डिभिजन-सव डिभिजन स्थापना गरी संचालन र मर्मत संभार गर्न थालियो ।

बि.सं. २०४५ साल देखि सिँचाइ बिभाग अन्तर्गत जिल्ला सिँचाइ कार्यालय रुपन्देही को स्थापना भएको हो । स्थानीय स्वायत शासन ऐन, २०५६ जारी भइ लागु भए पछि वि.सं. २०५८ मा सिँचाइ विभागको संरचनात्मक फेरबदंल भए पश्चात् पश्चिमाञ्चल सिँचाइ विकास डिभिजन नं. ६ रुपन्देहीबाट जिल्लाका सिँचाइ सम्बन्धि कार्यहरु हुदैं आएका थिए ।२०७२ सालमा जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग र सिँचाइ विभागको संगठानिक संरचनाको पुन व्यवस्थापन हुदाँ यस कार्यालयको नाम परिवर्तन भई सिँचाइ विकास डिभिजन- रुपन्देही भएको थियो । नेपालको संविधान, २०७२ ले परिलक्षित गरे अनुसार जलस्रोत, सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धि केन्द्रिय स्तरका ठुला आयोजना तथा परियोजनाहरु, अन्तर प्रदेशिय बहुउपयोगि आयोजनाहरू, अन्तरदेशिय सरोकार रहने बहुउद्देश्यीय आयोजनाहरूको तर्जुमा, नीति निर्माण, कार्यान्वयन तथा अनुगमनमा संघबाट गर्नुपर्ने कार्यहरूको लागि साविकका सिंचाइ विभाग र जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग खारिज भई बि.सं. २०७४ मा जलस्रोत तथा सिंचाइ विभागको स्थापना भयो भने प्रदेश स्तरका मझौला तथा साना सिंचाइ सम्बन्धि सम्पूर्ण कार्य सिंचाइ योजना मर्मत संभार साथै

मझौला तथा साना जलउत्पन्न प्रकोप सम्बन्धि कार्य गर्न प्रदेश सरकार लुम्बिनी प्रदेश तत्कालीन भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय रुपन्देही को स्थापना भएको हो ।हाल यो कार्यालय लुम्बिनी प्रदेश सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत रहेको छ ।यस कार्यालय सिदार्थनगर नगरपालिका वाड नं. ५ मा रहेको छ भने कार्यक्षेत्र रुपन्देही जिल्लाभर रहेको छ ।

## ३. कार्यक्षेत्र:-

यस कार्यालयको कार्यक्षेत्र लुम्बिनी प्रदेशको रुपन्देही जिल्ला रहेको छ ।

## ४. लक्ष्य:-

जलस्रोत तथा सिँचाइ संरचनाहरुको उचित विकास, मर्मत संभार तथा व्यवस्थापन गरी कृषियोग्य भुमिमा बर्षे भरी दिगी एवं भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व तथा उत्पादन बृद्धि गरी गरिबी निवारणमा टेवा पुर्याउने ।

## ५. उद्देश्य:-

- ✓ रुपन्देही जिल्लामा उपलव्ध जलस्रोतको समुचित उपयोग गरी सिंचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्दै कृषि उत्पादकत्वको अभिवृद्धि गर्ने ।
- ✓ रुपन्देही जिल्लाको कृषि योग्य जमिनमा सिंचाइको विकास तथा विस्तार गरी वर्षैभरी भरपर्दो सिंचाइ सुविधा पुऱ्याउने ।
- ✓ सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि निर्मित संरचनाहरूको समयमै उचित मर्मत संभार गरी दिगो र भरपर्दो बनाउने ।
- ✓ निर्माण संपन्न भई संचालनमा रहेका मझौला सिंचाइ प्रणालीहरुको दक्षता (**Efficiency**) बृद्धि तथा उपभोक्ताहरुको क्षमता विकास गरी सिंचाइ सेवालाइ दिगो, भरपर्दो र प्रभावकारी वनाउन सिंचाइ प्रणालीहरुको पुर्ण रुपमा ब्यवस्थापन हस्तान्तरण गर्दै जाने ।
- ✓ नदी तथा जलाधार व्यवस्थापनका लागि उपयुक्त प्रविधिको विकास तथा प्रयोग आवश्यक संरचनागत तथा गैरसंरचनागत कार्य गरी जल उत्पन्न प्रकोपबाट हुने क्षति न्यूनिकरण गर्ने साथै जोखिम रहित जग्गा उकास गर्ने ।
- ▪ मझौला तथा साना प्रकृतिका पहिरोहरुको ब्यवस्थापनका लागि आवश्यक अध्ययन, अनुसन्धान र संरचनागत तथा गैरसंरचनागत कार्य गरी जनधनको क्षति न्यूनिकरण गर्ने ।
- ▪ सिंचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापनका पुर्वाधार सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको विकास तथा सुदृढीकरण गर्ने ।

## ६. रणनीति:-

सिँचाइ तथा जल उत्पन्न प्रकोप सम्बन्धि कार्यहरु नेपाल सरकारको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ साथै लुम्बिनी प्रदेश सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली २०७६, सिँचाइ ऐन सिँचाइ नियमावली, नीति निर्देशिका लुम्बिनी प्रदेश उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट जारी परिपत्रहरुको प्रक्रिया अवलम्वन गरी सम्पादन गरिनेछ ।
प्रचलित ऐन कानुन एवं ठेक्का शर्त भित्र रही जल उपभोक्ता संस्थाको सहकार्यमा तोकिएको बमोजिम गुणस्तर युक्त कार्यहरु गर्ने गराउने कार्य यस डिभिजन कार्यालयको हुनेछ ।

## ७. कार्यनीतिः-

- ✓ स्थानिय जनताको माग, स्थानिय तहको सिफारिस र त्यसको आवश्यकताको पहिचान प्रदेश सरकारको निर्देशन तथा परिपत्रलाई आधार मानी योजना छनौट गरिनेछ ।
- ✓ कार्यस्थलको सामाजिक वातावरणको अध्ययन एवं मूल्याकंन गरी स्थानीय गैर सरकारी संस्था उपभोक्ता समिति, सामुदायिक वन समिति, महिला समूहहरुको समेत पहिचान गरी यस कार्यक्रम संञ्चालनमा सहभागी गराउने प्रयास गरिनेछ ।
- ✓ सिंचाई संरचनाको निर्माण कार्यलाई दीर्घकालीन सोच अनुरुप योजनावद्ध तवरले संञ्चालन गरिनेछ । मझौला सिंचाइ योजना तथा नदी नियन्त्रण कार्यको अध्ययन गरी विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ । यस्तो प्रतिवेदन अख्तियार प्राप्त अधिकारीबाट स्वीकृती प्राप्त भएपछि कार्यक्रम संञ्चालनमा आउनेछ ।
- ✓ स्वीकृत गुरुयोजना भित्र रही सिंचाइ तथा नदी नियन्त्रण कार्यको लागत अनुमान एवं डिजाइन, ड्रइङहरु तयार पारिनेछ । यस्ता प्रतिवेदनहरुको स्वीकृति दिने कार्य उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय लुम्बिनी मन्त्रालय मार्फत हुनेछ । साथै कार्यक्रम संञ्चालन गर्ने कार्यमा संलग्न विभिन्न कर्मचारीहरुको कार्यविवरण तोके अनुसार हुनेछ भने प्रशासनिक अधिकार नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।
- ✓ सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ ले व्यवस्था गरे अनुसार ठेक्काबाट गराउन उपयुक्त हुने कार्य ठेक्का व्यवस्थापनबाट र उपभोक्ता समितिबाट गर्न सकिने (उपयुक्त ठहरिएका) कार्यहरु उपभोक्ता समिति मार्फत गराईनेछ ।

## ८. कार्यालयको सांगठनिक विवरणः-

**डिभिजन प्रमुख**
सि.डि.ई.
(अ.नवौं/दशौं/इन्जि./इरि.)-१

**प्रशासन शाखा**
- व.प्र.स./अ. (पाचौं/अ.छैठौं/प्र./सा.प्र.)-१
- लेखापाल/अ.लेखा (पाँचौं/अ.छैठौं/प्र./लेखा)-१
- कम्प्यूटर अपरेटर/क.अ. विविध (पाचौं/अ.छैठौं)-१
- ह.स.चा. – १
- का.स. श्रेणी विहिन - २

**अनुगमन, मुल्याङ्कन, गुणस्तर नियन्त्रण संस्थापत विकास तथा तालिम शाखा**
- ई./व. ई. (अ.सातौं/आठौं/इन्जि./इरि.)-२
- सब-ई./प्रा.अ. (पाँचौं/छैठौं/इन्जि./इरि) - ३
- ए.ओ../प्रा.अ. (स.चौथो/स.पाँचौं/इन्जि/एगृ.इरि.)-१

**योजना डिजाइन तथा कार्यान्वयन शाखा**
- ई./व. ई. (अ.सातौं/आठौं/इन्जि./इरि.) -१
- सब-ई./प्रा.अ..(स.पाँचौं/छैठौं/इन्जि/इरि)-२

## ९. कार्यालयको कर्मचारी पदपूर्तिको अवस्थाः-

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | दरबन्दी अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पुर्ति | रिक्त | |
| १. | कार्यालय प्रमुख | अधिकृतस्तर नवौं/दशौं | ईन्जिनिरिङ्ग | सिभिल | ईरिगेशन | १ | १ | | - |
| २. | ईन्जिनियर | अधिकृतस्तर सातौं/आठौं | ईन्जिनिरिङ्ग | सिभिल | ईरिगेशन | ३ | १ | २ | |
| ३. | सहायक/अधिकृत | सहायक पाँचौं /अ. छैठौं | प्रशासन | सा.प्रशासन | | १ | १ | - | |
| ४. | सहायक/अधिकृत | सहायक पाँचौं /अ. छैठौं | प्रशासन | लेखा | | १ | १ | - | |
| ५. | सहायक/अधिकृत | सहायक पाँचौं /अ. छैठौं | विविध | विविध | | १ | १ | - | |
| ६. | स.इन्जि/अधिकृत | सहायक पाँचौं /अ. छैठौं | ईन्जिनिरिङ्ग | सिभिल | ईरिगेशन | ५ | ५ | - | |
| ७. | ए.ओ/अधिकृत | सहायक चौथौं/पाँचौं | ईन्जिनिरिङ्ग | एगृ ईरिगेशन | | १ | १ | - | |
| ८. | हलुका सवारी चालक | श्रेणीविहिन | | | | १ | १ | - | करार |
| ९. | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सा.प्रशासन | | २ | २ | - | करार |
| जम्मा संख्या | | | | | | १६ | १४ | २ | |

## १०. कार्यालयको कर्मचारीहरुको विवरणः-

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | तह/श्रेणी | स्थायी ठेगाना | मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | भेषराज भुषाल | डिभिजन प्रमुख | नवौं | सन्धिखर्क न.पा.-१०, अर्घाखाँची | ९८५७०१५२०१ | |
| २. | राजेश सिंह | बरिष्ठ ईन्जिनियर | अधिकृतस्तर आठौं | कठहरी-४, मोरङ्ग | ९८५७०६८७२७ | |
| ३. | दिपक कुमार पोखरेल | बरिष्ठ अधिकृत (लेखा) | सातौं | कपिलवस्तु न.पा-१० | ९८५७०५२९१३ | |
| ४. | लेखनाथ अर्याल | बरिष्ठ अधिकृत (प्रशासन) | सातौं | तिलोत्तमा-४, रुपन्देही | ९८४५१३०२६० | |
| ५. | डोलमाया सारु थापा | बरिष्ठ अधिकृत (कम्प्युटर) | सातौं | रामपुर न.पा.-१ पाल्पा | ९८४७१०२५७५ | |
| ६. | सृजु घताने विश्वकर्मा | अधिकृत प्राविधिक | अधिकृत छैठौं | बु.उप.म.न.पा-७, रुपन्देही | ९८०३५५४०८५ | |
| ७. | शान्ती अधिकारी | अधिकृत | अधिकृत | गुठीचौर-४, जुम्ला | ९८६५०९४६५१ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्राविधिक | छैठौं | | | |
| ८. | राम ईश्वर मण्डल | अधिकृत प्राविधिक | अधिकृत छैठौं | हंसपुर-४, धनुषा | ९८४३८९९३५१ | |
| ९. | शालिकराम भुसाल | अधिकृत प्राविधिक | अधिकृत छैठौं | सन्धिखर्क न.पा.-२, अर्घाखाँची | ९८४११८७१९३ | |
| १०. | राजकुमार चौधरी | अधिकृत प्राविधिक | अधिकृत छैठौं | शिवराज-८, कपिलवस्तु | ९८४४७३०८०१ | |
| ११. | पवित्रा महतौ | ए.ओ. | सहायकस्तर पाँचौं | तिलोत्तमा न.पा-१७, रुपन्देही | ९८६८५२४५३० | |
| १२. | यम बहादुर थापा | ह.स.चा. | श्रेणीविहिन | तिलोत्तमा न.पा-१७, रुपन्देही | ९७०८६२०७११ | करार |
| १३. | भिम बहादुर के.सी. | का.स. | श्रेणीविहिन | बु.उप.म.न.पा-१९, रुपन्देही | ९८०७५३०२४४ | करार |
| १४. | अर्जुन गुप्ता | का.स. | श्रेणीविहिन | सि.न.पा.-३, रुपन्देही | ९८५७०२५६३१ | करार |

## ११. नागरिक वडापत्रः- यस कार्यालयले सर्व साधारणलाई उपलब्ध गराउने सेवा सुविधा बारे जानकारी

| सि. नं. | सेवाको किसिम | सेवा प्राप्तीका लागि आवश्यक प्रकृया वा कागजात | सेवा प्राप्तीमा लाग्ने समय | सेवा प्राप्तीमा लाग्ने दस्तुर | सेवा प्रदान गर्ने जिम्मेवार शाखा र कर्मचारी | सेवा प्राप्तीमा ढिला सुस्ती भएमा गुनासो सुन्ने जिम्मेवार अधिकारी | अन्तिम निर्णय दिने जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | नयाँ सिंचाइ योजना निर्मान तथा पुराना योजना मर्मतको लागि योजना माग तथा निवेदन | योजना माग फाराम, गाउँ/नगर/वडा कार्यालयको सिफारिस सहितको उपभोक्ताहरुको निवेदन। | प्राप्त माग फाराम/निवेदनको प्राथमिकताको आधारमा पहिचान तथा विस्तृत सर्वेक्षणबाट सम्भाब्य भएमा (१-२ वर्ष) | धरौटी बापत रु ५०/- प्रति हेक्टरका दरले रकम उठाइ धरौटी खातामा जम्मा गर्नु पर्ने। | योजना, डिजाइन तथा कार्यान्वयन शाखा | सूचना अधिकारी | कार्यालय प्रमुख |
| २ | नदी तथा बाढी पहिरो नियन्त्रण योजना माग निवेदन। | योजना माग फाराम, गाउँ/नगर/वडा कार्यालयको सिफारिस सहितको उपभोक्ताहरुको निवेदन। | | नलाग्ने | योजना डिजाइन तथा कार्यान्वयन शाखा | सूचना अधिकारी | कार्यालय प्रमुख |
| ३ | उपभोक्ता समिति दर्ता | उपभोक्ताको आमभेलाबाट भएको निर्णय, उपभोक्ता समितिको बिधान, | २ दिन | दर्ता शुल्क रु 100/- राजश्व खातामा वा कार्यालय खातामा जम्मा | अनुगमन, मुल्याङ्कन गुणस्तर नियन्त्रण संस्थागत | सूचना अधिकारी | कार्यालय प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गाउ/नगर/वडा कार्यालयको सिफारिस सहितको संस्था दर्ता गरिपाउ भन्ने निवेदन, कार्य समितिको नागरिक्ताको प्रमान पत्रको फोटोकपी। | | गर्नुपर्ने। | विकास तथा तालिम शाखा | | |
| ४ | उपभोक्ता समिति नविकरण । | साधारण सभाको भेलाबाट भएको निर्णय, वार्षिक लेखा परिक्षण प्रतिवेदन निवेदन | निवेदन दर्ता भएको दिन | असोज मसान्त सम्म नलाग्ने, ढिला भएमा दर्ता शुल्कको डबल रु २००/- लाग्ने। | अनुगमन, मुल्याङ्कन गुणस्तर नियन्त्रण संस्थागत विकास तथा तालिम शाखा | सूचना अधिकारी | कार्यालय प्रमुख |
| ५ | सिंचाइ तथा नदि नियन्त्रण सम्बन्धी प्राबिधिक सेवा | उपभोक्ता समितिको निर्णय तथा निवेदन | ३ दिन | नलाग्ने | योजना, डिजाइन तथा कार्यान्वयन शाखा | सूचना अधिकारी | कार्यालय प्रमुख |
| ६ | बाढी तथा पहिरो आपतकालिन सेवा | निवेदन तथा मौखिक जानकारी | तुरुन्त | नलाग्ने | योजना, डिजाइन तथा कार्यान्वयन शाखा | सूचना अधिकारी | कार्यालय प्रमुख |
| ७ | गुनासो सुन्ने अधिकारी | | | | | | कार्यालय प्रमुख |

**१२ आ.व. २०८२/८३ को हालसम्मको प्रगती सारांशः-**

रकम रु. हजारमा

| क्र.सं. | बजेट शिर्षक | बिनियोजित शुरु बजेट | वार्षिक विनियोजन | हालसम्मको खर्च | खर्च (%) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | चालु | १३२६०.०० | १३१०० | १२७८६.१५ | ९७.६० % | |
| २. | पुंजीगत | २०९.५५० | १८७८९१.४५५ | १५७६९६.२५३ | ८३.९३ % | |
| | कुल जम्मा | २२२८१० | २००९९१.४५५ | १७०४८२.४०३ | ८४.८२ % | |

वरिष्ठ इन्जिनियर

## १३. आ.व. २०८२/८३ को कार्यक्रमगत हालसम्मको प्रगती विवरणः-

रकम रु. हजारमा

| क्र. सं. | कार्यक्रमको नाम | बिनियोजित शुरु बजेट | बिनियोजित संशोधित बजेट | हालसम्मको खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जल उत्पन्न प्रकोप न्युनीकरण तथा व्यवस्थापन कार्यक्रम | १७,५००.०० | ११,३०५.०० | १०९८८.०९३ | ९७.२०% | |
| २. | मझौला तथा बैकल्पिक प्रविधिमा आधारित सघन सिंचाई कार्यक्रम | ३३,७५०.०० | ३६५१६.४५५ | ३३६६४.५४८ | ९२.१९% | |
| ३. | सिचाइ आयोजना मर्मतसंभार तथा बिस्तार कार्यक्रम | ४९,३००.००० | ३१०७०.०० | ३०२६७.७२२ | ९७.४२% | |
| ४. | जलासय निर्माण तथा पोखरी संरक्षण कार्यक्रम | ४,०००.०० | ४,०००.०० | ३७९१.३९४ | ९४.७८% | |
| | प्रदेश समानिकरण जम्मा | १,०४,५५०.००० | ८२,८९१.४५५ | ७८,७११.७६ | ९४.९६% | |
| | संघ सशर्त | | | | | |
| ५. | मर्मत संभार आयोजनाहरु(संघ शसर्त अनुदान) | ८५००० | ८५००० | ६६७१९.६३६ | ७८.४९% | |
| ६. | नदी नियन्त्रण(संघ शसर्त अनुदान) | २०००० | २०००० | १२२६४.८६० | ६१.३२% | |
| | संघ सशर्त जम्मा | १०५,०००.००० | १०५,०००.००० | ७८,९८४.५० | ७५.२२% | |
| | जम्मा पुँजिगत | २०९,५५०.००० | १८७,८९१.४५५ | १५७,६९६.२५३ | ८३.९३% | |
| कुल जम्मा पुँजिगत र चालु | | २२२,८१०.००० | २००,९९१.४५५ | १७०,४८२.४०३ | ८४.८२% | |

## १४. आयोजना कार्यान्वयनको अवस्था (सिचाइ)

| सि.नं. | कार्यक्रमको नाम | आयोजनाहरूको कार्यान्वयन अवस्था (संख्या) | | | | यस आ.व. को हालसम्म सम्पन्न भएका | कार्यन्वयन हुन नसक्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल आयोजना संख्या | ठेक्का आह्वान भएका | | सम्झौता भएका | | | |
| | | | अघिल्लो आ.व.मा | यस आ.व.मा | | | | |
| क | समानिकरण | | | | | | | |
| १ | मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिंचाइ | १४ | ३ | ६ | ९ | ७ | ५ | |
| २ | सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार | ४४ | - | ३७ | ३७ | ३७ | ७ | |
| ३ | जल उत्पन्न प्रकोप | १३ | - | १२ | १२ | १२ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | न्यूनिकरण तथा व्यवस्थापन | | | | | | | |
| ४ | जलासय निर्माण तथा पोखरी संरक्षण | २ | - | २ | २ | २ | - | |
| | समानिकरण जम्मा | ७३ | ३ | ५७ | ६० | ५८ | १३ | |
| ख | सशर्त | | | | | | | |
| | मर्मत संभार आयोजनाहरु | ४ | - | ४ | ४ | ३ | - | |
| | नदी नियन्त्रण | २ | - | २ | २ | २ | - | |
| | सशर्त | ६ | - | ६ | ६ | ५ | - | |
| | कुल जम्मा ( क+ख) | ७९ | ३ | ६३ | ६६ | ६३ | १३ | |

| क.सं. | कार्यक्रमको नाम | कूल आयोजनाहरुको संख्या | >80% प्रगति भएको संख्या | 50-80% प्रगति भएको संख्या | <50% प्रगति भएको संख्या | कार्यान्वयन हुन नसकेका |
|---|---|---|---|---|---|---|
| क | समानिकरण | | | | | |
| १ | मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिँचाई | १४ | ९ | - | - | ५ |
| २ | सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार | ४४ | ३७ | - | - | ७ |
| ३ | जल उत्पन्न प्रकोप न्यूनिकरण तथा व्यवस्थापन | १३ | १२ | - | - | १ |
| ५ | जलासय निर्माण तथा पोखरी संरक्षण | २ | २ | - | - | - |
| | समानिकरण जम्मा | ७३ | ६० | - | - | १३ |
| ख | सशर्त | | | | | |
| १ | मझौला सिंचाइ आयोजना | | | | | |
| २ | मर्मत संभार आयोजनाहरु | ४ | ४ | - | - | - |
| ३ | नदी नियन्त्रण | २ | २ | - | - | - |
| | सशर्त जम्मा | ६ | ६ | - | - | - |
| | कुल जम्मा | ७९ | ६६ | - | - | १३ |

## १५. बेरुजु सम्बन्धि विवरण (प्रदेश कार्यालय स्थापना हुनु पूर्वको)

रु हजारमा

| क्र. सं. | बेरुजुको किसिम | जम्मा बेरुजु रकम (आ.व.०७४/७५ सम्म) | हाल सम्म फछ्यौट रकम | फछ्यौट प्रतिसत | कैफियत |
|---|---|---|---|---|---|
| १ | असुल उपर गर्नुपर्ने | १४३६.९५८ | ७१.९९५ | ५.०१% | ६८.९२८ असुल भई स.प हुन बाँकी |
| २ | नियमित गर्नु पर्ने | ९३५७.८७ | ५२२९.३९० | ५५.८८% | |
| ३ | पेश्की | | | | |
| | कुल जम्मा | १०७९४.८२८ | ५३०१.३८५ | ४९.११% | |

बेरुजु सम्बन्धि विवरण (प्रदेश कार्यालय स्थापना पछीको)

रु हजारमा

| क्र.सं. | बेरुजुको किसिम | जम्मा बेरुजु रकम (आ.व. ०८१/८२ सम्म) | हाल सम्म फछ्यौट रकम | फछ्यौट प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | असुल उपर गर्नुपर्ने | ७९४७.६५७ | १६४६.८३८ | २०.७२% | रकम रु. ४१३२.६१० को नियमितको लागी मन्त्रालय पेश गरिएको |
| २ | नियमित गर्नु पर्ने | २०८८४.६२९ | ६१४.८६८ | २.९४% | |
| ३ | पेश्की | २८१२.०० | २८१२.०० | १००% | |
| | कुल जम्मां | ३१६४४.२८६ | ५०७३.७०६ | १६.०३% | |

## १६. हाल सम्म कार्यरत डिभिजन प्रमुखहरुको नामावली विवरणः-

| सि.नं. | नाम थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १. | डा. रमेशमान तुलाधर | डिभिजन प्रमुख | २०५५/०८/०६ | २०५९/०७/०६ |
| २. | चन्द्रकान्त झा | डिभिजन प्रमुख | २०५९/०७/०८ | २०६३/०९/२६ |
| ३. | राम सुन्दर शाह | डिभिजन प्रमुख | २०६३/०९/२७ | २०६५/०८/२६ |
| ४. | गोपाल सिग्देल | डिभिजन प्रमुख | २०६५/०८/२६ | २०६८/१२/१२ |
| ५. | बसन्त रायमाझी | डिभिजन प्रमुख | २०६८/१२/१३ | २०६९/०९/०५ |
| ६. | बेदानन्द उपाध्याय | डिभिजन प्रमुख | २०६९/०९/०६ | २०७०/०९/२० |
| ७. | बसन्त पौडेल | डिभिजन प्रमुख | २०७१/११/२५ | २०७१/११/०४ |
| ८. | माधव पौडेल | डिभिजन प्रमुख | २०७१/११/२५ | २०७२/०५/०४ |
| ९. | अक्षर गोपाल श्रेष्ठ | डिभिजन प्रमुख | २०७२/०४/२७ | २०७४/०६/२३ |
| १०. | ध्रुव राज पौडेल | डिभिजन प्रमुख | २०७४/०७/०६ | २०७५/०६/२५ |
| ११. | टंक बहादुर के.सी. | डिभिजन प्रमुख | २०७५/०५/२७ | २०७८/११/२२ |
| १२. | विष्णु प्रसाद पौडेल | डिभिजन प्रमुख | २०७८/११/२८ | २०८०/०६/१८ |
| १३. | दामोदर सापकोटा | डिभिजन प्रमुख | २०८०/०६/१९ | २०८१/०६/१३ |
| १४. | टंक बहादुर के.सी. | डिभिजन प्रमुख | २०८१/०६/१४ | २०८२/०४/०३ |
| १५. | भेषराज भुसाल | डिभिजन प्रमुख | २०८२/०५/१८ | हालसम्म |

१७. यस कार्यालयको गुनासो सुन्ने र सूचना अधिकारीको नाम र पदः-



गुनासो सुन्ने अधिकारी
नामः- भेषराज भुसाल
पदः- डिभिजन प्रमुख
तहः- नवौं
सम्पर्क नः ९८५७०१५२०१



सूचना अधिकारी
नामः- राजेश सिंह
पदः- बरिष्ठ ईन्जिनियर
तहः- अधिकृतस्तर आठौं
सम्पर्क नः ९८५७०६८७२७

## यस कार्यालयको विद्युतिय पोर्टलः-

फोन नं. 071-571201,570238
ईमेलः- widd6.rupandehi@gmail.com
वेवसाइटः- widdrupandehi.lumbini.gov.np

- कृषिको आधार: सिंचाइमा सुधार ।
- सिँचाइ गरौः उत्पादन बढाऔं ।
- सिँचाइ क्षेत्रको विस्तारः उत्पादन बृद्धिको आधार ।
- सिँचाइ प्रणालीहरुको निर्माण मर्मत सम्भार एवं व्यवस्थापनमा सक्रिय जनसहभागितामा जुटौं ।
- व्यवसायिक कृषिको प्रमुख आधार बाह्रै महिना सिँचाइ सुविधा पुग्नेगरी सिँचाइ पूर्वाधारहरुको विकास र विस्तार ।